सघीय ससद

प्रतिनिधि सभा

# शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति

बैठक संख्याः ३३

मिति-२०८०/०९/२५

## छलफल तथा निर्णय

शिक्षा,स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठक समितिका सभापति मा. भानुभक्त जोशीको सभापतित्वमा बस्यो । समितिमा शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयका सचिवको उपस्थिति थियो ।

१ बैठकमा विद्यालय शिक्षा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकका सम्बन्धमा बहिरा शिक्षक संघ, शिक्षाका लागि राष्ट्रिय अभियान, नेपाल र नेपाल सामुदायिक विद्यालय कर्मचारी संघसँग छलफल गरियो ।

२ चिकित्सा शिक्षासम्बन्धी तथा CTEVT को सम्बन्धन र विद्यार्थी भर्नासम्बन्धी विषयमा अध्ययन उपसमितिका संयोजक माननीय देवेन्द्र पौडेलले समिति समक्ष पेश गर्नु भएको प्रतिवेदनमाथि समितिमा छलफल गरियो । उपसमितिको प्रतिवेदनका सुझावहरुलाई परिमार्जन गरी निम्न बमोजिमको सुझाव तथा निर्देशनलाई कार्यान्वयनको लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पठाउने निर्णय गरियोः-

१ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् ऐन, २०४५ अनुसार संचालनमा रहेका स्वास्थ्य तर्फका प्रविणता प्रमाण पत्र तह मेडिकल, डेन्टल र नर्सिङ्गका कार्यक्रमहरुका सम्वन्धमा हाल केही द्विविधा सृजना भएको देखिन्छ । मेडिकल, डेन्टलतर्फ कार्यक्रमहरु पूर्ववत सुचारु रहनु तर नर्सिङ्गतर्फ भर्ना अवरुद्ध हुनु अव्यवव्हारिक देखिएकाले यथावत् भर्ना लिई कक्षा संचालन गर्न शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय मार्फत परिषद्लाई निर्देशन गर्ने ।

२ प्रविणता प्रमाणपत्र तह नर्सिङ (स्टाफ नर्स) विषयको भर्ना सम्बन्धमा परिषदको समन्वयमा चिकित्सा शिक्षा आयोगबाट मापदण्ड तयार भई लागु नहुंदासम्मका लागि कोभिड– १९ को बन्दा बन्दीको समयलाई शुण्य समय मानी आफ्नै १०० शैयाको अस्पताल बनाउन ७ वर्षको (२०७५ देखी ५ बर्ष भुक्तान भैसकेकोले थप २ वर्ष मात्र) को समय दिई नर्सिङ्ग कार्यक्रम संचालन गर्ने र नयाँ मापदण्ड बनेपछि सोहीअनुसार गर्ने ।

३ चिकित्सा शिक्षा ऐन, २०७५ को व्यवस्था बमोजिम २ वर्ष भित्र आफ्नै अस्पताल संचालन हुनुपर्ने व्यवस्था भएकोमा कोभिड– १९ को शुण्य समयको कारणले आफ्नै अस्पताल बनाउन नसकेका संस्थाहरुको हकमा हाललाई नर्सिङ् शिक्षाको गुणस्तर कायम गर्न प्रयोगात्मक अभ्यासको सुनिश्चितताकोलागि १०० (सय) शैयाको अन्य कुनै पायक पर्ने अस्पताल (सरकारी, निजी, गैरसरकारी) संग सम्झौता गरी सो कार्यक्रम संचालन गर्ने ।

४ चिकित्सा शिक्षा ऐन २०७५ र नियमावली २०७७ र प्राविधिक तथा व्यवसायिक तालिम परिषद ऐन, २०४५ का विचमा केहि विरोधाभाष र दोहोरो अर्थ लाग्ने प्रावधान देखिएकोले आयोगका र परिषद्का पदाधिकारीहरुले छलफल गरी कानून वा नियमावली संशोधन गरी स्पष्ट पार्ने ।

५ ऐनको सवै मापदण्ड पुरा गरी स्विकृतिको निम्ति प्रकृयामा रहेका नयाँ शिक्षालयहरुलाई प्रविणता प्रमाणपत्र तह नर्सिङ्ग (स्टाफ नर्स) को स्वीकृति प्रदान गर्ने ।

३ विद्यालय शिक्षा विधेयक सम्बनधमा पाठ्यक्रम विकास केन्द्र र राष्ट्रिय परीक्षा वोर्डलाई बैठकमा आमन्त्रण गरी छलफल गर्ने निर्णय भयो।

समितिको अर्को बैठक मिति २०८०/०९/२६ गते बिहिबार ११:३०बजे बस्ने गरी आजको बैठक स्थगित गरियो।

(निर्मलादेवी लामिछाने (वस्ती))
समिति सचिव

(मा. भानुभक्त जोशी)
सभापति